# ३ अनुयायीत्व र प्रार्थना

*<u>यस अध्यायका मूल पदहरू</u>*: दानिएल ९:२-१९, मत्ती १४:२२,२३, मत्ती २६:३६, यूहन्ना १७:६-२६, हिब्रू २:१७, १ पत्रुस ४:७।

*<u>स्मरण गर्नुपर्ने पद</u>*: "केवल तिनीहरूको निम्तिमात्र म प्रार्थना गर्दिनँ। तिनीहरूले फैलाएको सन्देशले गर्दा मलाई विश्वास गर्नेहरूको निम्ति पनि म प्रार्थना गर्दछु। हे पिता, तिनीहरू सबै एक होउन् भन्ने म चाहना गर्दछु जसरी तपाईं ममा र म तपाईंमा छु। तिनीहरू हामीमा होस् भन्ने म चाहना गर्दछु। तिनीहरूमा भएको एकताले गर्दा तपाईंले मलाई पठाउनुभएको हो भनेर सारा संसारले विश्वास गरून्।" (यूहन्ना १७:२०,२१ रूपान्तरित)।

हामीहरूले पाएको मुक्तिको आनन्दको स्वाद अरूले पनि पाउन् भन्ने हामी चाहन्छौं। हामीहरूमा भएको सन्देश अरूकहाँ पुगोस् भनेर हामी विभिन्न कार्यक्रमहरू बनाउँछौं। जब हामी अरूकहाँ सन्देश लान योजना बनाउँछौं तब त्यसमा परमेश्वरको अगुवाई होस् भनेर हामी वढि प्रार्थनामा लाग्नुपर्दछ। इसाई जीवनको उल्लेखनिय भाग नै प्रार्थनामय जीवन हो। अरूलाई येशूको श्रद्धालु बनाउनु भन्दा पनि प्रार्थनाको जीवन महत्त्वपूर्ण छ। येशूभक्त हुने र येशूभक्त उत्पादन गर्ने उद्देष्य कायम राख्न यदि इसाईहरूले चाहन्छन् भने तिनीहरूले प्रार्थनालाई अत्यन्त प्रमूख भाग बनाउनु पर्दछ जसले गर्दा ठूला ठूला परिवर्तनहरू ल्याउन सक्दछन्।

"परमेश्वरको काम गर्न खटाइएकाहरूले उहाँका प्रतिज्ञाहरूलाई दावी गरून्। तिनीहरूले भयो भनियोस्, 'तपाईंले यो कबूल गर्नुभएको छ "माग त तिमीलाई दिइनेछ।" येशू ख्रीष्टकहाँ यस मानिस आउन् भन्ने म चाहना गर्दछु।' जुन मानिसहरूको निम्ति तिमी काम गर्दछौ तिनीहरूको निम्ति तिमी प्रार्थना गर। चर्चले पनि तिनीहरूको निम्ति प्रार्थना गरोस् भनेर अनुरोध गर। एक पछि अर्को मानिसको निम्ति काम गर। दैनिक जीवनमा परमेश्वरको अगुवाईको निम्ति प्रार्थना गर।

सबै थोकको निम्ति गम्भिर भएर प्रार्थना गर्नु र तिनीहरूलाई परमेश्वरको समक्षमा राख्नु। उहाँकै वुद्धिज्ञानमा रहेर उहाँको काममा लाग्नु।"-एलेन जी ह्वाइट, *मेडिकल मिनिस्त्री*, पृ. २४४, २४५बाट रूपान्तरित।

## १. समय सापेक्षित परमेश्वरको करूणा र दया (दानिएल ९:२-१९)

प्रायजसो विश्वासीहरू आफ्नो निम्ति प्रार्थना गर्छन्। परमेश्वरले जवाफ दिउन् भनेर लामो सूची बनाएर उहाँकहाँ चढाउन्छन्। तिनीहरूले गरेको माग परमेश्वरले पूरा गरून् भन्ने तिनीहरू आशा गर्छन्। हामीहरूका चाहनाहरूलाई प्रार्थनापूर्वक परमेश्वरकहाँ राख भनेर हामीलाई दिइएको निर्देशन सही हो। तर कहिलेकाहीँ हामीले सही नियतले प्रार्थना गर्दैनौं। हामीहरूका हृदयहरू पापी छन्। कहिलेकाहीँ हामीहरूभित्र रहेको पापलाई प्रार्थनाद्वारा खोतल्न सक्दछ।

प्रार्थना धेरै थरिको हुन्छ, त्यसमा मध्यस्थता अर्थात् कसैको निम्ति गरिने प्रार्थना उल्लेखनीय छ। त्यस प्रार्थनामा प्रार्थना गर्ने व्यक्तिले अरूको आवश्यकता र हितको निम्ति प्रार्थना गर्दछ। त्यस्तो खालको प्रार्थनामा यदी हामीमा कुनै स्वार्थ लुकेको छ भने त्यो हटाइन्छ। निस्वार्थपना, दया र अरूले मुक्ति पाउन् भन्ने चाहना त्यस प्रार्थनाले देखाउँदछ नत्र भने प्रायजसो प्रार्थनामा हामीहरूको व्यक्तिगत स्वार्थ वा हित लुकिएको हुन्छ।

दानिएल ९:१-१९मा **परमेश्वरको अगमवक्ता दानिएलले गरेको प्रार्थना शिक्षाप्रद छ। त्यस प्रार्थनामा उनले आफ्नो बोझहरू प्रकट गरेका थिए। त्यही क्रममा उनले गरेको प्रार्थनामा प्रार्थनाको महत्त्वपूर्ण भाग पापको स्वीकार उल्लेख गरिएको छ। दानिएल वृद्ध अवस्थामा थियो, यद्यपि उनले यरुशलेमको निम्ति प्रार्थना गरेको थिए जुन् उनले देख्न पाउने अवस्था थिएन। तर उनको प्रार्थनाको प्रमूख कारण के थियो भनेर त्यसले बताउँछ, हेरौं: "अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए– २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ। ३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर**

खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्कें। ४
मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें: "हे
परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका
आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप
गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका
छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६
हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले
तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र
देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ "परमप्रभु, तपाईं धर्मी
हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा
छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र
यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे
परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू
लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका
छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा
परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ। १० हामीले परमप्रभु हाम्रा
परमेश्वरका आज्ञा पालन गरेका छैनौं र उहाँका सेवक
अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं। ११ तपाईंको
आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको व्यवस्था भङ्ग
गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण परमेश्वरका
सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ गरिएका फैसलाहरू
हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको विरुद्धमा हामीले पाप
गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर हाम्रा विरुद्धमा र हाम्रा
शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू तपाईंले पूरा गर्नुभएको छ।
यरूशलेमसित आकाशमुनि कहिल्यै नगरिएको व्यवहार गरिएको छ। १३
मोशाको व्यवस्थामा लेखिएजस्तै यी सबै विपत्ति हामीमाथि आएका छन्,
तैपनि आफ्ना पापदेखि फर्की तपाईंको सत्यतालाई ध्यान दिएर हामीले
परमप्रभु हाम्रा परमेश्वरको कृपा खोजेका छैनौं। १४ हामीमाथि विपत्ति
ल्याउन परमप्रभु अनकनाउनुभएन, किनभने परमप्रभु हाम्रा परमेश्वर उहाँले
गर्नुहुने सबै कुरामा धर्मी हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका
छैनौं। १५ "अब हे परमप्रभु हाम्रा परमेश्वर, जसले आफ्ना जनहरूलाई

**शक्तिशाली हातले मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ "अब हे हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्वर, आफ्नो कान थाप्नुहोस् र आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान् कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्! हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्वर, आफ्नो खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले तपाईंको नाउँ बोकेका छन्।"**

यरुशलेमको पुनर्निर्माण हुनेछ भनेर अगमवक्ता यर्मियाले दिएको भविष्यवाणी सत्तरी वर्ष भइसकेको थियो। त्यो भविष्यवाणी पूरा होस् भनेर दानिएलले प्रार्थना गरिरहेका थिए। दानिएल र उनका मित्रहरूलाई बेबिलोन अर्थात् आधुनिक इराकमा यरुशलेमबाट युद्धबन्दी बनाएर लगेको धेरै वर्ष बितिसकेको थियो। धेरै वर्ष पछि दानिएलका मित्रहरूको मृत्यु भइसकेको थियो। यरुशलेम शहरको पुनःनिर्माण भएतापनि दानिएललाई कुनै व्यक्तिगत फाइदा हुने थिएन। यरुशलेममा आफूले गुमाएका जायजेठा उनले पाउनेमा आशा थिएन। उनले गरेको प्रार्थनामा कुनै पनि स्वार्थपना लुकेको थिएन। वयोवृद्ध अगमवक्ता दानिएलले यहूदी राष्ट्रको भविष्यको निम्ति मात्र परमेश्वरसँग प्रार्थना गर्दछन्। परमेश्वरको सम्मान र इज्जतको निम्ति पनि उनले प्रार्थना गर्दछन्। आफूले मागेको लागि प्रार्थना गर्नुभन्दा पहिले उनले पापलाई औँल्याएर लामो स्वीकार व्यक्त गर्दछन्। परमेश्वरलाई अवज्ञा गर्नेहरूमा उनी पनि एक हुन् भनेर दानिएलले स्वीकार गर्दछन्। अर्को अर्थमा भन्ने हो भने सामूहिक पापमा आफू पनि अलग नभएको भनेर उनले भन्दछन्। अरूको हितको निम्ति यरुशलेम पुननिर्माण होस् भन्ने

प्रार्थना गर्ने क्रममा आफ्ना जनहरूले गरेको नराम्रो कामको जिम्मेवारी आफूले लिएको त्यस प्रार्थनामा झल्काउँछ।

**तपाईंको जीवनलाई नियालेर हेर्नुहोस्। केको लागि तपाईं प्रार्थना गर्नुहुन्छ? तपाईं किन प्रार्थना गर्नुहुन्छ? कसको निम्ति तपाईं प्रार्थना गर्नुहुन्छ? तपाईंको प्रार्थनामा कतिको त्याग समावेश भएको छ? तपाईंको प्रार्थनामय जीवनममा कति कमसम्म स्वार्थलाई परित्याग गर्न सक्नुहुन्छ? तपाईंलाई आवश्यकता परेको बेलामा पनि प्रार्थना गर्दा अरूको हितलाई कतिसम्म ध्यान दिनुहुन्छ?**

## २. प्रार्थना गर्ने समय (मत्ती १४:२२,२३)

एक छिन रोकिएर सोच्नुहोस्ः मर्न योग्य भएको पतित पापीहरूले सारा जगतको सृष्टिकर्तासँग तुरन्तै प्रार्थना गर्न कसरी अवसर दिइएको छ, त्यो पनि हाम्रो पवित्र परम पिता सनातनको परमेश्वरसँग।

जब परमेश्वर मानिसको अवतार लिनुभयो तब उहाँले हाम्रा सिमितहरूलाई ग्रहण गर्नुभयो। प्रार्थनाको आवश्यकता उहाँले पनि गर्नुभयो। हुन त येशू हामी पापी मानिसहरू जस्तै परमेश्वर पिताकहाँ उभिनु भएको थिएन। तर जब उहाँ मानिस हुनुभयो तब प्रार्थनाको आवश्यकतालाई उहाँले महशूस गर्नुभएको थियो।

भीड़हरू उहाँको कुरा सुन्न र आफ्ना-आफ्ना रोगहरूबाट निको हुन जम्मा हुन्थे। १६ तर येशूचाहिँ निर्जन स्थानहरूमा गएर प्रार्थना गर्नुहुन्थ्यो।", लूका ६:१२,१३ "ती दिनमा उहाँ पहाड़तिर प्रार्थना गर्न जानुभयो, र परमेश्वरसँग प्रार्थना गर्दै पूरै रात बिताउनुभयो। १३ बिहान भएपछि उहाँले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर तिनीहरूमध्ये बाह्र जनालाई छान्नुभयो, र उहाँले तिनीहरूलाई **देहायका पदहरूमा येशूको प्रार्थनाका विभिन्न पक्षहरू समावेश गरिएका छन्। उहाँको व्यक्तिगत प्रार्थनामय जीवन किन महत्त्वपूर्ण छन्, प्रार्थना गर्ने समयमा कस्ता घट्नाहरू भएका थिए र ख्रीष्टको प्रार्थनामय जीवनबाट हामी के शिक्षा लिन सक्छौं भन्ने जि ज्ञासाहरू ती पदहरूमा हेरौंः मत्ती १४:२२,२३ "उहाँले भीड़लाई बिदा गर्नुहुँदा चेलाहरूलाई डुङ्गामा चढ़ी उहाँभन्दा पहिले पारिपट्टि जान लाउनुभयो। २३ भीड़लाई बिदा गरिसक्नुभएपछि उहाँ एकलै प्रार्थना गर्न डाँड़ामा उक्लनुभयो। साँझ पर्दा**

**उहाँ एकलै त्यहाँ हुनुहुन्थ्यो।", मत्ती २६:३६, "तब येशू गेतसमनी भन्ने ठाउँमा तिनीहरूसँग जानुभयो, र चेलाहरूलाई भन्नुभयो, "तिमीहरू यहीं बस, मचाहिँ अलि पर गएर प्रार्थना गर्छु।" मर्कूस १:३५-३७, "बिहान उज्यालो हुनभन्दा धेरै अघि उठेर उहाँ बाहिर एकान्त ठाउँमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो। ३६ सिमोन र तिनीसँग हुनेहरू उहाँलाई खोज्दैगए। ३७ उहाँलाई भेट्टाएपछि तिनीहरूले भने, "सबैले तपाईंलाई खोजिरहेका छन्।", लूका ५:१५,१६ "तर उहाँको चर्चा अझ बढ़ी जतातते फिँजियो, र ठूला प्रेरित भन्ने नाउँ दिनुभयो।"**

आफ्ना चेलाहरूले पनि अनुसरण गरून् भनेर देखिने ख्रीष्टको प्रार्थनामय जीवन निश्चय नै अत्यन्त अनुकरणीय उदाहरण थियो। बिहान, दिँउसो, प्रवचन दिनुभन्दा अघि, प्रवचन दिएपछि जहाँ पनि जहिले पनि येशूले प्रार्थना गर्नुभएको थियो। उहाँ एकान्त ठाउँमा, बँगैचामा, पहाडहरूमा प्रार्थना गर्नुहुन्थ्यो। जब सुनसान हुन्थ्यो, उहाँ प्रार्थना गर्नुहुन्थ्यो।

मानिसको रूप लिएर आउनुभएपछि परमेश्वर पिताको सम्मुखबाट येशू अलगिनुभएको थियो। तर प्रार्थनाद्वारा उहाँ परमेश्वर पितासँग आत्मिक रूपमा एक हुनुभएको थियो। ख्रीष्टमा भएको जीवनदिने आत्मिक रक्तसंचार प्रार्थनाको माध्यमबाट आएको थियो। तर येशूका आधुनिक अनुयायीहरूमा पापको प्रलोभनले गर्दा तिनीहरूको आत्मिक जीवन कमजोर भएको पाइन्छ। असफलता नै असफलताले गर्दा तिनीहरू हताश निराश भएका छन्। तर यस्तो अवस्थामा येशूले नै अपनाउनुभएको प्रार्थनामय जीवन भन्दा कम भएर हिँड्नु उचित होलान् र?

"आफ्ना अत्यन्त मिल्ने साथीसँग हृदय खुलाएर कुरा गर्नु जस्तो प्रार्थना पनि परमेश्वरसँग आफ्नो दिल खोलेर बातचित गर्नु हो। हामी को हौं भनेर परमेश्वरलाई भन्नु आवश्यक छैन। तर हामी को हौं भनेर थाहा दिएमा उहाँलाई ग्रहण गर्न सजिलो पार्दछ। प्रार्थनाले परमेश्वरलाई हामीकहाँ झारिन्दैन। तर त्यसले हामीलाई परमेश्वरकहाँ जान मद्दत पुऱ्याउँछ।" एलेन जी ह्वाइट, स्टेपस् टु क्राइष्ट, पृ. ९३बाट रूपान्तरित।

प्रार्थनालाई मूर्त्तरूप दिन धेरै प्रतिज्ञाहरू बाइबलमा दिएका छन्। देहायका पदहरूमा केही उदाहरणहरू प्रस्तुत गरेका छन्। त्यहाँ उल्लेख गरेका प्रतिज्ञाहरूलाई हामीले कसरी लिने? के तपाईंले त्यहाँ उल्लेख गरेका येशूका वचनहरूलाई अनुभव गर्नुभएको छ? फेरि त्यसै वखत तपाईंको प्रार्थनाको उत्तर नपाएता पनि के तपाईंले आफ्नो विश्वासलाई अटल राखिराख्नुभएको छ? हेर्नुहोस्ः मर्कूस ११:२२-२६, "येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "परमेश्वरमा विश्वास राख। २३ साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा शङ्का गर्दैन तर आफूले भनेका कुरा पूरा हुन्छ भनी विश्वास गरेर यस पहाड़लाई उखेलिएर तँ समुद्रमा खस्' भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ।२४ यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ। २५ जब तिमीहरू प्रार्थना गर्न खड़ा हुन्छौ, तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदेऊन्। २६ तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुनेछैन।, लूका ११:११-१३ " "तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? १२ अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? १३ तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।" र यूहन्ना १४:१२-१४ " "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ, र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गइरहेछु। १३ तिमीहरूले मेरो नाउँमा जेसुकै मागे तापनि पुत्रमा पिताको महिमा होस् भनेर म त्यो गर्नेछु। १४ तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु।"

## ३. कुनै पनि युग तथा स्थानमा नबाँधिएको शिक्षादिक्षा (मत्ती ६:७,८)

मानिसहरू परमेश्वर जस्तो सिद्ध छैन। धेरै कुराहरूमा तिनीहरू अपूर्ण छन्। यद्यपि त्यस्तो स्वभाव बोकेका मानिसहरूले सिद्ध तथा

कसैमा नबाँधिएको सृष्टिकर्ता परमेश्वरसँग अचम्म तरिकाले प्रार्थनाद्वारा सम्मिलित हुन सक्दछन्। प्रार्थना आत्मिक गम जस्तो काम गर्दछ। जब विश्वासीहरू स्वर्गमा रहनुहुने परमेश्वर पितासँग प्रार्थनाद्वारा एक हुन्छन् तब तिनीहरू सांसारिक स्वभाव र पापी आकाँक्षा तथा मनोवृत्तहरूबाट माथि उक्लिन्छन्। त्यस्तो खालको परिवर्तनले विश्वासीहरूलाई भौतिक संसारमा मात्र अल्मलिएर बस्न चाहनेहरूबाट अलग हुन्छन्। यदि हाम्रो प्रार्थनामय जीवन केवल स्वार्थको निम्तिमात्र प्रयोग गराउन र आत्मिक जीवनलाई परिवर्तन नगराउन शैतान सफल भयो भने हामी संसारको अरू जनहरू जस्तै हुनेछौं। येशूमा विश्वास गर्ने र नगर्नेको बीचमा केही पनि भिन्नता देखिने छैन। त्यसले गर्दा हामी इसाई हौं भनेर जतिसुकै दावी गरेतापनि वा येशूको नाउँमा प्रचार गरेतापनि वा गवाही दिएतापनि ती अर्थहिन र शक्तिहिन हुनेछ।

प्रार्थनाको बारेमा देहायका पदहरूले हामीलाई के सिकाउँछ, हेर्नुहोस्ः मत्ती ६:६-८ "तिमीहरू जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ। र प्रार्थना गर्दा अन्यजातिहरूजस्ता व्यर्थै नबरबराओ। किनभने धेरै शब्दमा बोल्दा तिनीहरूको सुनाइ हुन्छ भन्ने तिनीहरू विचार गर्दछन्। यसकारण तिनीहरूजस्ता नहोओ। किनभने तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिता जान्नुहुन्छ।", मत्ती ७:७-११ माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ। किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ। तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला? कि माछा माग्दा त्यसलाई साँप देला? यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ।" र मत्ती १८:१९,२० "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ

**भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।"**

आफ्ना प्रतिज्ञाहरूको सम्मान गर्न परमेश्वर सक्षम् हुनुहुन्छ भन्दै सच्चा तथा इमान्दारी भक्तालुहरूले उहाँमाथि भरोसा राख्दछन्। परमेश्वरको शक्तिलाई चुनौती दिने कुनै प्रार्थना गर्नु हुँदैन। उहाँको अधिकार सिमित छैन। उहाँको बललाई कसैले पनि प्रतिस्पर्धा गर्न सक्दैन। अर्को अर्थमा भन्ने हो भने जब पूरा भरोसा राखेर हामीहरूले प्रार्थना गर्दछौं तब त्यो प्रार्थना स्वर्गमा पुगिन्छ र हाम्रो उच्च हितको निम्ति उहाँ खट्नुहुन्छ भनेर उहाँमाथि पूरा भरोसा राख्ने वातावरण बन्छ। कतिपय समयहरूमा कति कुराहरू हामी बुझ्न सक्दैनौं। परमेश्वरमाथिको आस्था वा विश्‍वास भनेको केवल देखेको कुराहरूमा मात्र होइन वा भौतिक उपलव्धीमा मात्र भर पर्दैन। हामीले चाहेको वा अपेक्षा गरेको अनुसार प्रार्थनाको जवाफको अनुभव नगरेतापनि सच्चा आस्था वा विश्‍वास भनेको उहाँमाथि भरोसा राखिराख्नु हो (हिब्रू ११:१-७ पढ्नुहोस्)। निसन्देह जब तपाईं विश्‍वासमा हिँड्नुहुन्छ तब तपाईंको मनोरथ पूरा नभएतापनि उहाँमाथि भरोसा राख्नुपर्दछ। झट्टै बाइबलमा उल्लेख गरिएका वृतान्तहरूलाई हामी पढ्यौं भने पनि त्यसमा भएका मानिसहरूको अनुभव पनि त्यस्तै थियो भनेर हामीलाई देखाउँछ।

देहायका पदहरूले हामीलाई के सिकाउँछ? मत्ती ६:९-१५ "तर तिमीहरूचाहिँ यस किसिमले प्रार्थना गर: 'हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस्। तपाईंको राज्य आओस्। तपाईंको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस्। हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्। हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं। हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन। किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।" र मत्ती २६:३९ "अनि उहाँले अलि

अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।

**परमेश्वरमा भरोसा राख्नुको अर्थ प्रार्थना गर्दा मेरो प्रार्थनामात्र परमेश्वरले सुन्नुहुन्छ भनेर घमण्ड गर्नु होइन। परमेश्वरको सिहाँसनमा सुरो भएर आयो भन्दैमा उहाँले तपाईंलाई कुनै विशेष ध्यान दिनुहुन्छ भन्ने छैन। हो गरिमामय परमेश्वरको सामु हामी सुरो भएर त आउनुपर्छ तर नम्रताको सुत्रमा हामीहरूको हृदयलाई बाँधिराख्नुपर्दछ। गेतसमनीको बँगैचामा ख्रीष्टले के चाहनुभएको थियो भनेर उहाँले स्पष्ट रूमा व्यक्त गर्नुभएको थियो। तर प्रार्थना गर्ने क्रममा उहाँले जहिले पनि यो थप्नुभयो, "मेरो चाहना होइन तर तपाईंको चाहना पूरा होस्।" परमेश्वरमा पूर्ण समर्पण गर्नु र सदाशय तथा क्षमाशील हुने स्वभाव नै नम्रताको उदाहरण हो। हामीलाई परमेश्वरले क्षमा दिनुभयो भन्ने कुरालाई हामीले कहिलै पनि विर्सनुहुन्न। त्यसैकारण अरूलाई पनि हामीले क्षमा दिनु पर्दछ।**

के तपाईं कसैसँग रिसाउनुभएको छ र उसलाई क्षमा दिन गाऱ्हो भइरहेको छ? त्यो कुरा प्रार्थनामा परमेश्वरकहाँ पुऱ्याउनुहोस्। तपाईंले क्षमा दिन सिकोस् भनेर प्रार्थना गर्नुहोस्। उपरोक्त व्यक्तिको निम्ति प्रार्थना गर्नुहोस्। सच्चा हृदयले त्यस्तो प्रार्थना गरियो भने केही समयपछि के हुनेछ सो सोच्नुहोस्।

## ४. कुनै पनि युगमा नबाँधिएको परमेश्वरको करूणा र कृपा (लूका २२:३१,३२)

**सबै कुराको सिद्ध तथा उच्च आदर्शको नमूना ख्रीष्ट हुनुहुन्थ्यो। परमेश्वरको सबै पूर्णता र सिद्धता उहाँद्वारा झल्किएको थियो। के ख्रीष्ट जस्तै करूणामय, सदाशयी र दयालु अरू कोही भए होलान्? अहँ! छैन। मानिसको दुःख कष्ट केवल प्रवचन वा भाषणले मात्र होइन व्यवाहारिक रूपमै हटाउन उहाँको प्रवल चाहना अरू भन्दा कस्को थियो होला? अहँ छैन! ख्रीष्टको करूणा र हाम्रो निम्ति उहाँले पहल गर्ने प्रार्थनासँग उहाँको अनुशासित भक्तालुको सम्वन्ध के छ भनेर हामीले सोध्न सक्छौं।**

देहायका पदहरू हेर्नुहोस्ः लूका २२ः३१,३२ “सिमोन, सिमोन, हेर, शैतानले तिमीलाई गहूँजस्तै निफन्ने अनुमति मागेको छ, तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रो निम्ति प्रार्थना गरें, र फेरि तिमी मतर्फ फर्केपछि तिम्रा भाइहरूलाई स्थिर गराऊ। र यूहन्ना १७ः६-२६ “संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरेका छन्। म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। मेरा सबै जे छन् तपाईंका हुन्, र तपाईंका जे छन् मेरा हुन्। मेरो महिमा तिनीहरूमा प्रकट भएको छ। म फेरि संसारमा रहँदिनँ, तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्। जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गर्‍यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु।

तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्। म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्।म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो। धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्। मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।" यही सन्दर्भमा हिब्रू २:१७ "यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपऱ्यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो।" येशू मानव अवतार लिनु भएकोले र मानिसहरूसँग काम गर्नुभएकोले उहाँको पहल गर्ने प्रार्थनामा कसरी प्रभाव पारेको छ? मानिसहरूको निम्ति मध्यस्थ भएर प्रार्थना गर्ने येशूको लक्ष्य के थियो?

**आफ्ना चेलाहरूसँग सफलतापूर्वक येशूले काम गर्नुभएको थियो। मानिस भएर तिनीहरूको जीवनमा समावेश हुनुभएकोले नै उहाँले त्यो सम्पन्न गर्नुभएको थियो। त्यसले गर्दा तिनीहरूको बारेमा येशूलाई पूरा ज्ञान थियो। तिनीहरूको हितको निम्ति काम गर्न उहाँले धेरै चाहना गर्नुभएको थियो। अरूको हितको निम्ति काम गर्नु र प्रार्थना गर्नु अहिले पनि सान्दर्भिक नै छ। एक्काइसौं सताव्दीमा पनि कसैले अरूलाई ख्रीष्टको उपासक बनाउन चाहन्छ भने त्यो काममा वाधा ल्याउने कुनै पनि**

क्रियाकलापलाई उसले छोड्नेछ। पैसा कमाउने, प्रख्यात हुने वा अत्यन्त शिक्षित हुने भन्दा अरूको मुक्तिको निम्ति कार्यरत महत्त्वपूर्ण मान्नु पर्दछ। यो सत्य कुरोलाई सजिलैसँग हामी विर्सने बानी छ। दैनिक चर्यामा व्यस्त हुने भएकाले नै हामी त्यस स्थितिमा पर्दछौं।

आफ्ना चेलाहरूको जीवनको निम्ति येशूले आफ्नो जीवन सुम्पनु भएको थियो। तिनीहरूको घरमा उहाँ जानु भएको थियो। तिनीहरूको नातेदारहरूसँग उहाँले चिनजान गर्नुभएको थियो। तिनीहरूसँग उहाँ रमाइलो गर्नुभएको थियो। तिनीहरूसँगसँगै उहाँले काम गर्नुभएको थियो। त्यसले गर्दा तिनीहरूको जीवनमा भएका महत्त्वपूर्ण कुराहरूको ख्याल राख्न उहाँ कहिलै पनि चुक्नुभएन। येशूको परम भक्त बनाउने प्रक्रिया अहिलेको समयमा पनि त्यस्तो फरक छैन। परमेश्वरको वचनलाई सत्य सावित गर्न पर्चाहरू बाँड्नु र तर्कवितर्क गर्नु भन्दा पनि उहाँको उपासक बनाउनु येशूनिति अवलम्वन गर्नु जरूरी छ। येशूले जस्तै हामीले पनि अरूको निम्ति प्रार्थना गर्नुपर्छ। अरूको निम्ति प्रार्थना गर्नु भनेको तिनीहरूको दुःख र आवश्यकताप्रति संवेदनशील हुनु हो। अरूको हित हामीले कसरी खोज्दौं रहेछ र तिनीहरूको दुःख हटेको हामी कस्तो चाहना गर्दो रहेछौं भनेर हामीहरूको प्रार्थनाले देखाउँछ। अरूहरू येशूको परम भक्त होउन् भनेर तिनीहरूको निम्ति गरिने प्रार्थना अझ पनि उल्लेखनीय काम मान्नु पर्दछ।

“जब सम्म तपाईं अरूको बारेमा चासो देखाउँदैन तब सम्म तपाईंको ज्ञानप्रति तिनीहरूको ध्यान कमै जान्छ।" यो भनाई सरल भएतापनि त्यसमा धेरै महत्त्वपूर्ण सत्य लुकिएको छ।

## ५. युगानुयुग वा युगको बन्धनमा नरहेको करूणाको अनुसरण (प्रेरित १:१३,१४)

हृदयदेखि गरेको सच्चा स्तुतिप्रशंसा अनुसरण लायकको हुन्छ। ख्रीष्टका प्रारम्भिक चेलाहरूले तिनीहरूको स्वामीको प्रार्थनामय जीवनको अनुसरण गरेका थिए। आफ्नो व्यक्तिगत सुरक्षा, दैनिक आवश्यकता र आत्मिक अगुवाईको निम्ति तिनीहरूले गरेको प्रार्थनालाई अस्वाभाविक भन्न मिल्दैन। तर तिनीहरू येशूका प्रखर चेलाहरू भएको हुनाले अरूको

निम्ति प्रार्थना गर्नु तिनीहरूको नियमित तथा महत्त्वपूर्ण विधि भएको थियो।

सुरूका चर्चले प्रार्थनाको उल्लेखनीय भूमिका खेलेको थियो भनेर देहायका पदहरूले कसरी बताउँछन्, हेर्नुहोस्। साथै प्रार्थना गर्नेहरूले के विशेष अवसरको निम्ति प्रार्थना गरेका थिए र तिनीहरूले अवलम्बन गरेका उदाहरणहरूबाट हामी के सिक्न सक्छौं, हेरौंः प्रेरित १:१२-१४ "तब तिनीहरू जैतून भनिने पहाड़बाट यरूशलेम फर्के। यरूशलेमदेखि यो पहाड प्रायः एक किलोमिटर जति टाढ़ा पर्छ। १३ सहर भित्र पसेपछि तिनीहरू माथिल्लो तलाको आफू बस्ने कोठामा उक्ले। तिनीहरूचाहिँ पत्रुस, यूहन्ना, याकूब, अन्द्रियास, फिलिप र थोमा, बारथोलोमाइ र मत्ती, अल्फयसको छोरो याकूब र उग्रपन्थी दलको सिमोन र याकूबको छोरो यहूदा थिए। कति जना स्त्रीहरू र येशूकी आमा मरियम अनि उहाँका भाइहरूका साथ यिनीहरू सबै एक मनका भएर निरन्तर प्रार्थना गरिरहन्थे।", १ तिमोथी २:१-४ "सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढ़ाइऊन्, २ राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं। ३ हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ। ४ सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ।", याकूव ५:१३-१६ " के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।", १ यूहन्ना ५:१६ "यदि कसैले आफ्नो भाइले पाप गरेको देख्छ, अनि त्यो पापचाहिँ

मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाइको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ। तर यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले बिन्ती गरिदिनुपर्छ भनी म भन्दिँन।", यहूदा २०-२३ " तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। २१ आफैलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर। २२ दोधारमा हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर।" र १ पत्रुस ४:७ "सबै कुराको अन्त्य नजिकै आएको छ। यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो।"

सुरूको चर्च प्रार्थनाले गर्दा बलियो भएको थियो। जब जब पावल परमेश्वरको कामको निम्ति यात्रामा गएका थिए तब तब उनलाई प्रार्थना गरेर् पठाइएका थिए (प्रेरित १३:३, प्रेरित १४:२३)। विदाइहरूमा पनि प्रार्थना समावेश भएको थियो (प्रेरित २०:३६, प्रेरित २१:५)। प्रायजसो चर्चका सदस्यहरूलाई अरूको निम्ति प्रार्थना गर्ने चलन थियो। तिनीहरूले सरकार र देशका अगुवाहरू, विश्वासी मित्रहरू र सबै जनाको निम्ति प्रार्थना गर्दथे। पावलले पब्लिउसको पिताको निम्ति प्रार्थना गरेका थिए। उनी जिल्ला प्रमुख थिए जो पखालाबाट ग्रष्त भएका थिए। आफू मरणासन्न अवस्थामा पनि स्टिफनसले उनका हत्याराहरूको निम्ति प्रार्थना गरेका थिए।

सब भन्दा पहिलेका विश्वासीहरूको जीवनमा प्रार्थना अत्यन्त महत्त्वपूर्ण थियो। प्रेरितहरूको शिक्षादिक्षा, प्रखर प्रचार, आश्चर्य कामहरू र मिठो सङ्गतिसँग प्रार्थना समावेश गरिन्दा सुरूको चर्च अत्यन्त द्रुतगतिमा वढेको थियो। चर्चलाई कठोर आक्रमण गरेतापनि इसाई धर्म सारा रोमी साम्राज्यमा फैलिएको थियो। हजारौं हजारौंले सुसमाचार ग्रहण गरेका थिए। सम्राट सिजरको दरवारदेखि अपरिचित स्थानहरूमा मानिसहरूका जीवन परिवर्तित भएर जीवित बत्ती जस्तो चम्केका थिए। के यो अनौठो मान्नु पर्छ र? प्रार्थनाले परमेश्वरलाई प्रशन्न पार्दछ किनभने सबै

**मानिसहरूले मुक्ति पाउन् भन्ने उहाँको चाहना हो र सारा देशहरूमा सत्य आत्मज्ञान फैलिउन् भनेर बाइबलले व्यक्त गर्दछ।**

अरूको निम्ति प्रार्थनामा तपाईँ कति समय बिताउनुहुन्छ? त्यसको जवाफलाई सोच्नुहोस्। अथवा सायद यो प्रश्न हुनुपर्छ अरूको निम्ति पहल गर्ने प्रार्थनामा तपाईँले कति समय बिताउनु पर्छ?

## उपसंहार

थप जानकारीः **एलेन जी ह्वाइटद्वारा लिखित "*टेस्टिमोनिज फर द चर्च*, ठेली ९को पृ. १२६को "अ रिफोमेटोरी मुभमेन्ट," र *मेडिकल मिनिस्त्री* पृ. २४४,२४५को "बाई पर्सनल एफोर्ट एण्ड लिभिङ्ग फेथ" पढ्नुहोस्।**

"जो मानिस प्रार्थना बाहेक अरू केही गर्दैन त्यसले छिट्टै प्रार्थना गर्न पनि रोक्दछ। वा उसका प्रार्थनाहरू केवल नित्यकर्म जस्तो मात्र हुन पुग्दछ। जब मानिसहरू इसाई कर्तव्यबाट टाढा हुन्छ वा येशूको निम्ति कडा परिश्रम गर्न छोड्छ तब त्यस्ता मानिसहरूले प्रार्थनाको मूल कारणलाई भुल्दछन्। अनि तिनीहरूको प्रार्थना व्यक्तिवादी र स्वार्थी हुन्छ। त्यस खालका मानिसहरूले मानिसहरूको आवश्यकताप्रति संवेदनशील भएर प्रार्थना गर्दैन न त ख्रीष्टको राज्यको निर्माण गर्न सहयोग नै गर्दछन्। त्यस्तो मनोवृत्त भएको मानिसले परमेश्वरको सच्चा काम गर्न बल पाउन प्रार्थना गर्न सक्दैन।" एलेन जी ह्वाइट, स्टेप्स टु क्राइष्ट, पृ. १०१बाट रूपान्तरित।

## चिन्तनमननः

अ. **अरूको लागि पहल गर्ने प्रार्थनाबिना चर्च किन वढ्न सक्दैन? अरूको निम्ति क्रियाशील भएर गर्ने प्रार्थनामय जीवनले अरूलाई येशूभक्त बनाउन कसरी सघाउँछ? अरूको निम्ति प्रार्थना गर्ने प्रक्रियामा के के हुनु राम्रो हुन्छ? कसैको निम्ति प्रार्थना गर्ने मानिसले के को बारेमा प्रार्थना गर्ने भनेर कसरी थाहा हुन्छ?**

आ. **जसको निम्ति प्रार्थना गरिन्छ तिनीहरूको निम्ति चर्चका सदस्यहरूले के गर्नुपर्दछ? जब छिमेकी, नातेदार र सहकर्मीहरूको निम्ति प्रार्थना गरिन्छ तब तिनीहरूसँगको**

सम्बन्धमा कसरी राम्रो हुन जान्छ? आफ्नो व्यक्तिगत प्रार्थनामा जब कसैको निम्ति प्रार्थना गरिन्छ तब त्यस व्यक्तिसँगको सम्बन्ध सुमधुर होस् भनेर किन चाहना हुन्छ?

इ. शक्तिशाली प्रार्थनाको जिवनको अनुभव गर्न आजका इसाईहरूले कस्तो कदम चाल्नुपर्दछ? सफल भक्तालु बनाउन र प्रार्थनामा परमेश्वरलाई समावेश गराउनुमा के सम्बन्ध छ? के अरूको लागि प्रार्थना गर्ने व्यक्तिले आफ्नै जीवन परिवर्तन हुनु आवश्यक छ जसले गर्दा अरू पनि परिवर्तन होस्? किन? येशूलाई विश्वास नगर्नेहरूले पनि उहाँलाई विश्वास गरून् भन्ने ठूलो चाहना प्रार्थनाद्वारा कसरी बनिन्छ? सत्यलाई अरूलाई बाँड्ने क्रममा व्यक्तिगत पवित्र र प्रार्थनामय जीवनको भूमिका कस्तो हुन्छ?

ई. ख्रीष्टलाई विश्वास नगर्नेहरूकहाँ विश्वासीहरू कसरी पुग्ने? इसाईहरूले अरूसँग मित्र बनाउन के गर्नुपर्छ? अरूसँग साथी बनाउँदा तिनीहरूको निम्ति प्रार्थना गर्ने वातावरण कसरी बनिन्छ?